# आर्थिक वर्ष २०७४/७५

# को

# बजेट वक्तव्य

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं. ४, पोखरा, नेपाल

२०७५

प्रदेश सभाको बैठकमा
आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङले
प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७४/७५ को
# बजेट वक्तव्य

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय,
प्रदेश नं.४, पोखरा, नेपाल

२०७५ साल वैशाख १९ गते बुधवार

**माननीय सभामुख महोदय,**

१. नेपालको इतिहासमा पहिलो पटक जनताको अभिमतद्वारा प्रदेश सभा र सरकारको गठन भएको छ । यस सम्मानित प्रदेश सभा समक्ष आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले प्रदेश सरकारको पहिलो बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएकोछु ।

२. देश र जनताका निम्ति बलिदान गर्ने अमर वीर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । नेपाल र नेपाली समाज निर्माण र परिवर्तन गर्ने हाम्रा अग्रजहरूप्रति श्रद्धापूर्वक सम्मान व्यक्त गर्न चाहन्छु । नेपाली राजनीतिका शिखर व्यक्तित्वहरू पुष्पलाल श्रेष्ठ, विश्वेश्वरप्रसाद कोइराला, मदन भण्डारी, मनमोहन अधिकारी र गणेशमान सिंहलाई आदरपूर्वक सम्झन चाहन्छु । राजनीतिक स्वतन्त्रता, प्रजातन्त्र, लोकतन्त्र तथा आमूल परिवर्तनका निम्ति नेपाली जनताले पटक पटक गर्दै

आएको जनआन्दोलन, सशस्त्र विद्रोह, सशस्त्र संघर्ष तथा जनयुद्ध लगायत सबै प्रकारका त्याग र बलिदानका गौरवपूर्ण इतिहासलाई स्मरण गर्न चाहन्छु । साथै, बेपत्ता परिवार एवं पीडित नागरिकप्रति गहिरो सम्मान व्यक्त गर्न चाहन्छु।

३. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न संविधान सभाबाट नेपालको संविधान जारी भएपछि हामी सबै नेपाली सार्वभौम सम्पन्न भएका छौं । सार्वभौम जनताबाट निर्वाचित हाम्रो यस गरिमामय पहिलो प्रदेश सभा र प्रदेश सरकार– सामन्ती, निरङ्कुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनलाई अन्त्य गर्दै सामाजिक न्याय सहितको आर्थिक समानता, समृद्धि र समग्र विकासप्रति हामी सबै प्रतिबद्ध छौं । मैले यो प्रदेशको बजेट तर्जुमा गर्दा

नेपालको संविधानका यिनै महत्वपूर्ण प्रस्तावनाबाट निर्देशित भएकोछु।

४. नेपालको संविधानले सदियौं पुरानो सामन्ती व्यवस्थाको अन्त्य मात्र होइन, एउटा नयाँ युगको समेत आरम्भ गरेकोछ । यो युगान्तकारी परिवर्तन हो । यो परिवर्तन राजनीतिक दलहरू बीचको सहकार्य र एकताबाट मात्र सम्भव भएको थियो । राजनीतिक दलहरू एकताबद्ध हुँदा मात्र नेपाली जनता विजयी बनेका छन्। त्यसैले गरिबी र पछौटेपनको विरुद्ध समाजवादउन्मुख आर्थिक समृद्धि तथा सामाजिक न्याय सहितको विकास हामी सबै राजनीतिक दलको साझा सोंच र गन्तव्य हो । संविधानको कार्यान्वयन हाम्रा साझा कार्यसूची हुन् । यो बजेट तर्जुमा गर्दा म संविधानको यिनै भावना, मूल्य र मान्यता तथा सार्वभौम नेपाली जनताको आकाङ्क्षा र चाहनाबाट निर्देशित हुँदै यो

ऐतिहासिक जिम्मेवारीलाई चुनौती र अवसरका रूपमा लिएकोछु।

५. यो बजेट आगामी आर्थिक वर्ष २०७५।७६ को बजेटको शिलान्यास हो । तर पनि यो बजेटले आगामी आर्थिक वर्षको बजेटको लागि मार्गदर्शन गर्ने विश्वास लिएकोछु । सीमित श्रोत, साधन र छोटो समयमा तयार पारिएको यो बजेट आँखीझ्याल मात्र हो । जहाँबाट मैले सकेसम्म टाढा चियाउने प्रयत्न गरेकोछु । त्यसैले यो बजेट तर्जुमा गर्दा राज्यको निर्देशक सिद्धान्त, संघीय आर्थिक नीति र दिगो विकासका लक्ष्य प्राप्ति एवं प्रदेश सरकारको नीति र कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा गरेकोछु । यसका साथै, मैले यस सम्मानित सभामा मिति २०७५ बैशाख १३ गते प्रस्तुत गरेको विनियोजन विधेयक, २०७५ का सिद्धान्त र प्राथमिकता तथा माननीय सदस्यहरू

र प्रदेश सभाबाट प्राप्त सुझाव समेतलाई बजेट तर्जुमाको आधार बनाएकोछु ।

६. प्रदेशमा उपलब्ध रहेका प्राकृतिक श्रोत र साधनको दिगो विकास तथा वैज्ञानिक व्यवस्थापन, उत्पादनमुखी, स्वावलम्बी तथा आत्मनिर्भर अर्थतन्त्र र समतामूलक समाज निर्माण गर्ने दिशातर्फ बजेटलाई परिलक्षित गर्दै पूर्वाधार निर्माणमा विशेष जोड दिएकोछु । यो बजेटले **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय अभियानलाई पनि सघाउ पुऱ्याउने विश्वास लिएकोछु ।

७. नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान, राजश्व बाँडफाँट र आन्तरिक स्रोतलाई परिचालन गरी पर्यटन, ऊर्जा, कृषि, उद्योग तथा भौतिक पूर्वाधारका क्षेत्रमा उच्च प्राथमिकता दिई आर्थिक समृद्धिका लागि उत्पादन वृद्धि, गरिबी न्यूनीकरण, रोजगारी तथा स्वरोजगारका अवसरमा

अभिवृद्धि गर्दै समुन्नत प्रदेशको जग बसाल्ने दिशातर्फ बजेटलाई केन्द्रीत गरेकोछु ।

८. बजेट तर्जुमा गर्दा पाँचमैत्री- बाल, युवा, लैङ्गिक, जेष्ठ नागरिक र अपाङ्गतामैत्री हुने योजना तथा कार्यक्रमलाई विशेष जोड दिएकोछु ।

**सभामुख महोदय,**

९. प्रदेशको समग्र आर्थिक क्रियाकलाप, विवरण र तथ्याङ्क सहितको आर्थिक सर्वेक्षण, विषयगत मन्त्रालयहरूको प्रगति विवरण तथा मध्यमकालीन खर्च संरचना तयार भइसकेको अवस्था छैन । त्यसैले प्रदेशको समग्र आर्थिक परिसूचकहरू पेश गर्ने अवस्था रहेन । म यहाँ आर्थिक, सामाजिक र भौतिक पूर्वाधार सम्बन्धी उपलब्ध तथ्याङ्कहरू मात्र प्रस्तुत गर्न चाहन्छु।

**भौगोलिक र जनसाँख्यिक अवस्थाः**

हाम्रो प्रदेशको क्षेत्रफल २१ हजार ७ सय ३३ वर्ग किलोमिटर रहेकोछ। नेपालका ७७ जिल्लामध्ये

११ जिल्ला र ७ सय ५३ स्थानीय तहमध्ये ८५ स्थानीय तह यसै प्रदेशमा रहेका छन् । विक्रम सम्बत २०६८ को जनगणना अनुसार यस प्रदेशको कुल जनसंख्या २४ लाख ८२ हजार २ सय ३ रहेकोछ । जसमा नगरपालिका क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्या ६० दशमलव ५५ र गाउँपालिका क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्या ३९ दशमलव ४५ प्रतिशत रहेको छ । कुल जनघनत्व १ सय १० प्रति वर्ग किलोमिटर रहेकोछ ।

**आर्थिक अवस्था:** नेपालको कुल गार्हस्थ उत्पादन रू.२६ खर्व ४२ अर्व र नेपालीको प्रतिव्यक्ति आय ८ सय ६६ अमेरिकी डलर रहेको छ भने यस प्रदेशको कुल गार्हस्थ उत्पादन रू.३ खर्व १० अर्व र प्रतिव्यक्ति आय १ हजार १ सय अमेरिकी डलर रहेको अनुमानछ ।

**सामाजिक अवस्था:** प्रदेशमा शैक्षिक क्षेत्रतर्फ सामुदायिक विद्यालयको संख्या ३ हजार ९ सय २१ र संस्थागत विद्यालयको संख्या ७ सय ५२ गरी

जम्मा ४ हजार ६ सय ७३ विद्यालय रहेका छन् । उच्चशिक्षातर्फ सरकारी १२, सामुदायिक ८८ र संस्थागत ३० गरी जम्मा १ सय ३० शैक्षिक संस्था रहेका छन्। यसैगरी, प्राविधिक तथा व्यवसायिक शिक्षातर्फ एघारै जिल्लामा २८ प्राविधिक विद्यालय सञ्चालनमा रहेका छन् । प्रदेशभित्र एक विश्वविद्यालय र दुई चिकित्सा शिक्षण अस्पतालहरू सञ्चालनमा रहेका छन् ।

राष्ट्रिय साक्षरता दर ६५ दशमलव ९ प्रतिशत (पुरूष ७५ प्रतिशत र महिला ५७ प्रतिशत) रहेको छ भने प्रदेशको साक्षरता दर ७४ प्रतिशत (पुरूष ८३ प्रतिशत र महिला ६७ प्रतिशत) रहेकोछ । राष्ट्रिय मानव विकास सूचकाङ्क शुन्य दशमलव ४९ रहेको छ भने प्रदेशको मानव विकास सूचकाङ्क शुन्य दशमलव ५१३ रहेकोछ । निरपेक्ष गरिबीको रेखामुनी रहेको राष्ट्रिय जनसंख्या २१ दशमलव ६ प्रतिशत रहेको छ भने यस प्रदेशको गरिवीको रेखामुनीको जनसंख्या १४ दशमलव १९ प्रतिशत रहेकोछ । राष्ट्रिय बहुआयामिक गरिबीको जनसंख्या २८ दशमलव ६ प्रतिशत रहेकोछ भने

प्रदेशको बहुआयामिक गरिबीको जनसंख्या १४ दशमलव २१ प्रतिशत मात्र रहेकोछ ।

आधारभूत खानेपानी सेवाको पहुँच पुगेको राष्ट्रिय जनसंख्या ८२ दशमलव ७८ प्रतिशत रहेकोछ भने प्रदेशको जनसंख्या ९१ दशमलव ५८ प्रतिशत रहेकोछ । पुड्कोपनको राष्ट्रिय अवस्था ३५ दशमलव ८ प्रतिशत रहेको छ भने यस प्रदेशको अवस्था २८ दशमलव ९५ प्रतिशत रहेकोछ । राष्ट्रिय जनसङ्ख्याको औसत आयु ६९ दशमलव २ वर्ष रहेको छ भने यस प्रदेशको जनसङ्ख्याको औसत आयु ७० वर्ष रहेकोछ।

**भौतिक पूर्वाधारको अवस्था:** प्रदेशभित्रका एघार जिल्लाका सदरमुकाम सडक सञ्जालले जोडिएका छन् । प्रदेशभित्रका पचासी स्थानीय तहमध्ये त्रियासी तहमा सडक पुगेकोछ । पोखरा, जोमसोम र भर्खरै मात्र बलेवामा हवाई सेवा सञ्चालनमा आएका छन् । प्रदेशभित्र कालोपत्रे सडकको लम्बाई ६ सय २४ किलोमिटर, खण्डास्मित

(ग्राभेल) सडकको लम्बाई ७८ किलोमिटर र धुले सडकको लम्बाई ९ सय ३७ किलोमिटर गरी जम्मा सडकको लम्बाई १६ सय ३९ किलोमिटर रहेकोछ ।

प्रदेशभित्र सरकारी र निजी क्षेत्रबाट ४ सय ११ मेगावाट क्षमताका जलविद्युत आयोजना सञ्चालनमा आएका छन् भने विभिन्न आयोजनाहरू निर्माणाधीन अवस्थामा रहेका छन् ।

प्रदेशभित्र २ लाख ५५ हजार ६ सय ५१ हेक्टर क्षेत्रफल खेतीयोग्य जमीनमध्ये १ लाख १७ हजार ३ सय १५ हेक्टर क्षेत्रफल जमीनमा मात्र बाह्रै महिना सिंचाइको सुविधा उपलब्ध रहेकोछ ।

बैंकिङ तथा वित्तीय संस्थाको उपस्थिति प्रदेशभित्रका सबै जिल्लामा रहेकोछ । जसअनुसार यस प्रदेशमा वाणिज्य बैक, विकास बैंक तथा वित्तीय संस्थाका समेत गरी ५ सय १३ शाखाहरू र ३ हजार

५ सय २९ सहकारी संस्थाहरू सञ्चालनमा रहेका छन् ।

**सभामुख महोदय,**

१०. त्यसैले, यो बजेट र कार्यक्रमलाई प्रदेशको समग्र आर्थिक, सामाजिक र भौतिक पूर्वाधार विकासको योजना र कार्यक्रमको पहिचान एवं त्यसको सम्भाव्यता अध्ययन र प्राथमिकीकरण तथा नीति र विधि तर्जुमाका निम्ति केन्द्रीत गरेकोछु। यसका साथै, प्रदेशको अध्यावधिक आर्थिक परिसूचक तथा मन्त्रालयगत लक्ष्य प्रगति विवरण र मध्यमकालीन खर्च संरचना आगामी आर्थिक वर्ष २०७५।७६ को बजेट तर्जुमा गर्दा तयार पार्ने व्यवस्था मिलाएकोछु।

११. हाम्रो प्रदेश प्राकृतिक स्रोत र साधनले धनी छ । राज्यको नयाँ संघीय संरचना अनुसार बजेट र योजना निर्माणको काम जिरो ग्राउण्डबाट शुरू गर्नुपरेको तथ्य सबै माननीय सदस्यहरूलाई अवगतै

छ । यस प्रदेशमा रहेका अनेकौ चुनौतीहरू मध्ये मैले बजेट तर्जुमा गर्दा अर्थ व्यवस्था र विकासका मूलभूत चुनौतीहरू देहाय बमोजिम रहेको महशुस गरेकोछु ।

**<u>कानून निर्माण र कार्यान्वयनः</u>** सरकार सञ्चालन, विकास निर्माण तथा सामाजिक क्षेत्रका लागि आवश्यक कानून तर्जुमा एवम् कार्यान्वयन गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

**<u>भौतिक संरचनाको निर्माण तथा व्यवस्थापनः</u>** प्रदेश सरकारको कार्य सञ्चालन तथा व्यवस्थापनका लागि प्रदेशका निकाय तथा सार्वजनिक क्षेत्रसँग सम्बन्धित भौतिक पूर्वाधारको निर्माण एवं व्यवस्थापन गर्ने कार्य चुनौतीकारूपमा रहेका छन् ।

**<u>स्रोतको पहिचान र परिचालनः</u>** समुन्नत प्रदेश निर्माणका लागि भौतिक पूर्वाधारको निर्माण तथा सामाजिक सेवाका क्षेत्रमा पर्याप्त लगानी गर्न स्रोत र साधनको पहिचान गरी परिचालन गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

**उत्पादन र उत्पादकत्व वृद्धिः** प्रदेशभित्र सम्भावना रहेका पर्यटन, ऊर्जा, कृषि, उद्योग र भौतिक पूर्वाधारका क्षेत्रमा सरकारी, निजी, सहकारी र समुदायको पूँजी परिचालन गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, रोजगारी सृजना गर्ने र बजार व्यवस्थापन गर्ने कार्य चुनौतीका रूपमा रहेका छन् ।

**आयोजनाको प्राथमिकीकरण र कार्यान्वयनः**
जनअपेक्षालाई एकै पटकको बजेटबाट सम्बोधन गर्न नसकिने हुँदा, बढी नागरिक लाभान्वित हुने र तुलनात्मक लाभ बढी भएका तथा दिगो विकासका लक्ष्य हासिल हुने आयोजनाको प्राथमिकीकरण तथा कार्यान्वयन गर्ने कार्य चुनौतीपूर्ण रहेकोछ ।

**शासकीय क्षमता अभिवृद्धि र सुशासन प्रवर्द्धन तथा प्रत्याभूतिः** प्रादेशिक कार्य जिम्मेवारीको कार्य सम्पादन गर्ने, स्थानीय तहको क्षमता अभिवृद्धि गर्ने र सार्वजनिक सेवा प्रवाहलाई व्यवसायिक र नतीजामुखी बनाउन प्रदेश सरकारको संस्थागत एवं शासकीय क्षमता अभिवृद्धि सहित पूर्वाधार तयार गर्ने कार्य चुनौतीपूर्ण रहेका छन्।

**<u>मानव संशाधन व्यवस्थापनः</u>** प्रदेशको विकासका लागि आवश्यक जनशक्तिको आँकलन, मानव संशाधनको योजना, विकास र व्यवस्थापन गर्ने कार्य चुनौतीका रूपमा रहेका छन्।

**सभामुख महोदय,**

१२. कानून तर्जुमा र कार्यान्वयन, प्रदेश गौरवका आयोजनाको पहिचान, आयोजना वैंकको तयारी, भौतिक पूर्वाधार निर्माणका सबै चुनौतीपूर्ण कार्यलाई प्रदेश निर्माणको अवसरको रूपमा लिएकोछु । त्यसैले, बजेटका उद्देश्यहरू देहाय बमोजिम राखेकोछु:

१२.१ प्रादेशिक संरचनाको प्रबन्ध मिलाउने,
१२.२ प्रदेशमा लगानीमैत्री वातावरण सृजना गर्ने,
१२.३ रोजगारी तथा स्वरोजगारका अवसर सृजना गर्ने,
१२.४ उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,
१२.५ गरिवी न्यूनीकरण गर्दै पूर्णरूपमा गरिवी निवारण गर्ने,
१२.६ भौगोलिक तथा सामाजिक सन्तुलन सहित प्रदेशको विकास गर्ने।

**सभामुख महोदय,**

१३. चालु आर्थिक वर्षको **नीति र कार्यक्रमले** तय गरेको प्राथमिकता क्षेत्र- **(१) पर्यटन (२) ऊर्जा (३) कृषि (४) उद्योग र (५) भौतिक पूर्वाधार** रहेका छन् । यी सबै क्षेत्रको विकासका निम्ति भौतिक पूर्वाधार निर्माणको काम नै हाम्रो प्रमुख लक्ष्य हो । अब म, चालु आर्थिक वर्षको बजेट र कार्यक्रम प्रस्तुत गर्दछु।

**पर्यटन क्षेत्रको विकास र रोजगारीको सृजना**:

१४. गुणस्तरका पर्यटक कमाउन र उनीहरूको बसाईं लम्बाउन गुणस्तरीय पर्यटन विकास र सेवालाई प्रवर्द्धन गर्दै पर्यटकहरूलाई अतिथिको रूपमा सम्मान गर्न **अतिथिदेवो भवः अभियान** सञ्चालन गरिनेछ ।

१५. राष्ट्रिय गौरवको आयोजनाका रूपमा निर्माणाधीन पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सन् २०२१ को जुलाई सम्ममा सञ्चालनमा आउने र उक्त विमानस्थलबाट प्रादेशिक राजधानी एवं छिमेकी देशका क्षेत्रीय शहरहरूसँगको हवाई सम्पर्क विस्तारका लागि नेपाल

सरकारसँग समन्वय र सहकार्य गर्ने व्यवस्था गरेकोछु ।

१६. पर्यटकीय गन्तव्य विस्तार गर्न प्रदेशको राजधानी र जिल्लासँगको हवाई सम्पर्कलाई पुनः स्थापना एवं विस्तार गर्न प्रदेशभित्रका पालुङटार-गोरखा, हुम्डे-मनाङ र ढोरपाटन-बागलुङ विमानस्थल पुनः सञ्चालनमा ल्याउन नागरिक उड्डयन प्राधिकरणसँग समन्वय गर्ने व्यवस्था मिलाएकोछु ।

१७. साहसिक खेलपर्यटनको विकास र विस्तार गर्न अल्ट्रालाइट, प्याराग्लाइडिङ्ग, बञ्जि जम्प, क्यानोनिङ, रक क्लाईम्बिङ, कायाकिङ, स्काइ डाइभिङ, हिउँ स्केटिङ र स्की जस्ता खेलपर्यटनको प्रवर्द्धनका लागि अध्ययन गर्ने व्यवस्था मिलाएकोछु ।

१८. नयाँ आकर्षक पर्यटकीय गन्तव्य विकास गर्नका लागि संघ, प्रदेश, स्थानीय तह र निजीक्षेत्रसँगको साझेदारीमा आयोजना निर्माण तथा सञ्चालनको उपयुक्त मोडालिटी विकास गरिनेछ । साथै निजी क्षेत्रसँग सहकार्य गरी ग्रामीण पर्यटन प्रवर्द्धनका लागि प्रदेशका ११ स्थानमा केबलकार सञ्चालनको पूर्वसम्भाव्यता अध्ययन गर्न **रू.१५ लाख** बजेटको व्यवस्था गरेकोछु ।

१९. पर्यटकलाई जलयात्रामा आकर्षित गर्न मालढुङ्गा-सेतीवेणी (अपर काली), राम्दी-चापाकोट (लोअर काली), दमौली-खहरे (मादी-सेती) लगायतका स्थानमा र्‍याफ्टिङ्गलाई ब्रान्डिङ गरी भरपर्दो, सुरक्षित पर्यटकीय गन्तव्यकारूपमा विकास गर्न गुरूयोजना तयार पार्नका लागि रकम विनियोजन गरेकोछु ।

२०. स्थानीय तह र निजी क्षेत्रसँगको सहकार्यमा आकर्षक पर्यटकीय गन्तव्यका रूपमा रहेका फेवाताल-बेगनासताल-रूपाताल कनेक्टिभिटीका लागि **मोनोरेल** सञ्चालनको सम्भाव्यता अध्ययन गर्न **२० लाख रूपैयाँ** विनियोजन गरेकोछु।

२१. अन्नपूर्ण संरक्षण क्षेत्र, मनास्लु संरक्षण क्षेत्र तथा विभिन्न प्राकृतिक, ऐतिहासिक, धार्मिक, साँस्कृतिक क्षेत्रलाई संरक्षण र विकास गर्दै ग्रामीण पर्यटन केन्द्र, होमस्टे, पदयात्रा मार्गलाई प्रवर्द्धन गर्न **तीनसय गाउँलाई नमूना पर्यटकीय गाउँ** बनाउने कार्यक्रम सञ्चालनका लागि कार्यविधि तयारीको व्यवस्था मिलाएको छु ।

२२. पर्यटन प्रवर्द्धन गर्न सन् २०१९ लाई **आन्तरिक पर्यटन वर्ष,** सन् २०२० लाई **छिमेकी देश पर्यटक पर्यटन वर्ष** र सन् २०२२ लाई अन्तर्राष्ट्रियस्तरको **पोखरा भ्रमण वर्ष** तयारीका लागि बजेट व्यवस्था मिलाएकोछु ।

२३. लोमान्थाङ लगायत उपल्लो मुस्ताङ क्षेत्रलाई पर्यटकीय गन्तव्यकारूपमा विकास र प्रवर्द्धन गर्न गुरूयोजना तयारीका लागि **रू.२० लाख** बजेटको व्यवस्था मिलाएकोछु ।

२४. पर्यटन सेवा उद्योगलाई आधुनिक र सुविधासम्पन्न बनाउन पर्यटन सेवा सुविधा सम्बन्धी मापदण्ड तयार गरिनेछ । साथै, महत्त्वपूर्ण पर्यटकीय गन्तव्यमा आधुनिक र सुविधासम्पन्न होटल-रेष्टुँरा स्थापना गरी सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाएकोछु ।

२५. ढोरपाटन, मनाङ, चुम-नुब्री उपत्यका, कवचेताल, कोरि-ठुल्लेक र देवचुली-वरचुली महाभारत श्रृङ्खलालाई पर्यटकीय क्षेत्रकारूपमा विकास गरी प्रवर्द्धन गर्न अध्ययन तथा गुरूयोजना निर्माणका लागि व्यवस्था मिलाएकोछु ।

२६. काठमाडौं-पोखरा-लुम्बिनीलाई **बुद्ध स्वर्णिम त्रिकोण (बुद्ध गोल्डेन ट्रयाङ्गल)** का रूपमा विकास गरी बौद्धमार्गी पर्यटकलाई आकर्षण गर्न छिमेकी प्रदेशसँग समन्वय र सहकार्य गर्ने व्यवस्था गरेकोछु ।

२७. कालीगण्डकी करिडोरमा रहेका प्रशिद्ध तीर्थस्थल त्रिवेणी-देवघाट-गलेश्वर-मुक्तिनाथलाई चारधामकारूपमा विकास गरी धार्मिक पर्यटन प्रर्वद्धन गर्न अध्ययनको व्यवस्था मिलाएकोछु।यस प्रदेशमा रहेका मनकामना, इसानेश्वर महादेव, ढोरबराह, छाब्दीबराह, विन्दवासिनी, आलमदेवी, बाग्लुङकालिका, मौलाकालिका लगायतका प्राचिन मठ-मन्दिर, गुम्वा तथा मस्जिद एवं अन्य ऐतिहासिक स्थलहरूको प्रोफाइल तयार पारी पर्यटनको विकास गर्ने व्यवस्था गरेकोछु।

२८. धार्मिक पर्यटनलाई प्रर्वद्धन गर्न हिन्दू तथा बौद्ध धर्मगुरूहरू समेतको सहभागितामा धार्मिक सम्मेलन गर्न प्रारम्भिक तयारीको व्यवस्था गरेकोछु ।

२९. पर्यटन प्रवर्द्धनका लागि प्रदेशभित्र नयाँ पदयात्रामार्ग विकास गर्न अध्ययनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएकोछु । साथै, दामोदरकुण्ड, तिलिचोताल, अन्धगल्छी, घोरेपानी-पुनहिल, घान्द्रुक, धम्पुस

लगायतका पर्यटकीयस्थलहरूलाई अझ व्यवस्थित गर्न अध्ययनको व्यवस्था मिलाएकोछु ।

३०. काहुँडाँडामा निर्माणाधीन **बुद्धमण्डला** र साल्मेडाँडामा निर्माणाधीन **गोरखास्मारक**लाई विकास र पूर्णता दिनका निम्ति स्थानीय तह तथा सामाजिक सङ्घ-संस्थासँग सहकार्य गर्ने व्यवस्था मिलाएकोछु ।

## उज्यालो प्रदेशका लागि ऊर्जा विकासः

३१. **"उज्यालो प्रदेश"** अभियानलाई सार्थक बनाउन स्थानीय तह, नेपाल विद्युत प्राधिकरण र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग समन्वय गरी अबको दुई वर्षभित्र विजुली बत्ती नपुगेको क्षेत्रमा विद्युतीकरण गर्न हाल रू. **१ करोड** बजेट प्रस्ताव गरेको छु । यस सम्बन्धी कार्यविधिका आधारमा बजेट उपलब्ध गराउने व्यवस्था मिलाएकोछु ।

३२. स्थानीय तहसँगको सहकार्यमा विद्युत वितरण लाइनमा रहेका काठेपोललाई पाँच बर्षभित्र स्थायी पोलद्वारा प्रतिस्थापन गर्न कार्यविधि बनाई क्रमश: कार्यक्रम लागू गर्ने व्यवस्था मिलाएकोछु ।

३३. निर्माणाधीन विद्युत सबस्टेशन, प्रसारण लाइन तथा वितरण प्रणालीलाई समन्वय र सहजीकरण गरी यथाशीघ्र कार्यान्वयन गर्ने आवश्यक व्यवस्था मिलाएकोछु ।

३४. संघ, प्रदेश, स्थानीय तह र निजी क्षेत्रको सहलगानीमा आँधीखोला, उत्तरगंगा र तल्लो सेती (घुमाउने) जलाशययुक्त लगायतका जलविद्युत आयोजना निर्माणका लागि प्रारम्भिक तयारीको व्यवस्था मिलाएकोछु ।

**कृषि उत्पादकत्व वृद्धिका लागि व्यवसायीकरणः**

३५. प्राङ्गारिक खेती प्रवर्द्धन, कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि, कृषि क्षेत्रको व्यवसायिकरूपमा आधुनिकीकरण तथा औद्योगिकीकरणका लागि नीति तर्जुमा गर्न आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

३६. उच्च हिमाली क्षेत्रमा प्राकृतिक शीतभण्डार निर्माणका लागि सम्भाव्यता अध्ययन गर्दै प्रत्येक स्थानीय तहमा एक **शीतभण्डार** स्थापनाका लागि कार्यविधि तर्जुमा गर्ने व्यवस्था मिलाएकोछु ।

३७. व्यवसायिक कृषि उत्पादनलाई बजारसम्मको पहुँच विस्तार गर्न कृषि उपज सङ्कलन केन्द्र स्थापनाका निम्ति सम्भाव्यता अध्ययन गर्ने व्यवस्था मिलाएकोछु ।

३८. कृषियोग्य भूमि बाँझो राख्ने अवस्थालाई निरूत्साहित गर्न भू-उपयोग नीति तर्जुमा गर्ने व्यवस्था मिलाएकोछु ।

३९. व्यवसायिक कृषि एवं पशु विकासको **मोडल फार्म** सञ्चालनका लागि आवश्यक कार्यविधि तर्जुमा एवं सम्भाव्यता अध्ययनका लागि व्यवस्था मिलाएकोछु ।

४०. प्रत्येक गाउँपालिकामा **मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषि गाउँ** स्थापनाका लागि कार्यविधि निर्माण गर्ने व्यवस्था मिलाएकोछु ।

४१. अर्गानिक कृषिउपजको प्रमाणीकरण तथा खाद्यवस्तुको गुणस्तर परीक्षण गर्ने **आधुनिक प्रयोगशाला** निर्माण गर्न अध्ययन गर्ने व्यवस्था मिलाएकोछु ।

४२. कृषि क्षेत्रमा उद्यमशीलता अभिवृद्धि गरी उत्पादन र उत्पादकत्व बढाउन **वित्तीय उत्प्रेरणाका कार्यक्रम** लागू गर्न नीति तर्जुमा गर्ने व्यवस्था मिलाएकोछु ।

४३. कृषिक्षेत्रमा रहेको बिचौलिया प्रवृतिको अन्त्य गरी कृषि उपजको उचित मूल्य र बजारको  सुनिश्चित गर्न अध्ययन गर्ने व्यवस्था मिलाएकोछु ।

४४. दुग्ध विकासका लागि प्रदेश **दुग्ध विकास बोर्ड**को स्थापनाको कार्यलाई अगाडि बढाउने व्यवस्था मिलाएकोछु ।

४५. निजी तथा सहकारी क्षेत्रको सहभागितामा अर्गानिक खेती प्रणालीलाई विकास र विस्तारका लागि **प्राङ्गारिक मल कारखाना** स्थापना गर्न सम्भाव्यता अध्ययन गर्ने व्यवस्था मिलाएकोछु ।

४६. किसानसँगको साझेदारीमा नयाँ प्रविधिमा आधारित सिंचाई आयोजना पहिचान गर्ने व्यवस्था मिलाएकोछु ।

४७. सहकारी क्षेत्रको पूँजी परिचालन गरी प्रादेशिक विकासमा योगदान पुऱ्याउन नीति तर्जुमा गर्ने व्यवस्था मिलाएकोछु ।

## उत्पादन वृद्धिका लागि औद्योगिक विकासः

४८. औद्योगिक विकासका लागि लगानीमैत्री वातावरणको सृजना गरिनेछ । प्रदेशमा लगानी बढाउन **लगानी सम्मेलन, २०७५** आयोजना गर्न तयारी गर्ने व्यवस्था मिलाएकोछु ।

४९. संघ र स्थानीय तहसँगको सहकार्यमा पहिलो चरणमा प्रदेशका **एक निर्वाचन क्षेत्र एक औद्योगिक ग्राम**को स्थापना गर्न सम्भाव्यता अध्ययन गरी कार्यविधिका आधारमा बजेट उपलब्ध गराउने व्यवस्था मिलाएकोछु । यसका लागि **रू.१ करोड** बजेट विनियोजन गरेकोछु ।

५०. कालीगण्डकी र मर्स्याङ्दी करिडोरमा नेपाल सरकारसँगको समन्वयमा **आर्थिक करिडोर र विशेष औद्योगिक क्षेत्र** स्थापना गर्न सम्भाव्यता अध्ययनको लागि **रू. २० लाख** बजेट विनियोजन गरेकोछु ।

५१. लघु, घरेलु, साना र मझौला उद्योगको प्रवर्द्धनका लागि जनशक्ति तयार गर्न तालीमको व्यवस्था गर्न तथा परम्परागत ज्ञान र सीपमा आधारित हस्तकला

उद्योगबाट सृजना हुने रोजगारी र आयका आधारमा अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

५२. प्रदेशमा पाइने **जडिबुटीको व्यवसायिक खेती प्रर्वद्धन** एवं **जडिबुटी सङ्कलन तथा प्रशोधन केन्द्र** स्थापना गर्न कानून तर्जुमा एवं कार्ययोजना तयारीका लागि **रू.१५ लाख** बजेट प्रस्ताव गरेकोछु ।

**समृद्ध प्रदेशको लागि स्तरीय सडक पूर्वाधारः**

५३. आगामी पाँच वर्षभित्र प्रदेश राजधानी र स्थानीय केन्द्रबीच स्तरीय सडक सञ्जालको विकासका लागि व्यवस्था मिलाएको छु । प्रथम चरणमा प्रत्येक प्रदेश सभा निर्वाचन क्षेत्रमा प्रदेश राजधानी र दुई जिल्ला वा जिल्लाको सदरमुकामबाट स्थानीय तहको केन्द्रलाई जोड्ने सडकलाई प्राथमिकता दिई आगामी आर्थिक वर्षदेखि स्तरोन्नती गर्ने कार्य सुरू गर्न **रू. ९ करोड ३६ लाख** बजेट विनियोजन गरेको छु । यो बजेट कुल पूँजीगत बजेटको १७ प्रतिशत भन्दा बढी रहेको छ। माननीय सदस्यहरूले आफ्नो निर्वाचन क्षेत्रको विकासका लागि राखुभएको चासो र सरोकारप्रति मेरो गम्भिर ध्यानाकर्षण भएको छ । यो चासो र सरोकारलाई सम्वोधन गर्न यस्ता आयोजनाको छनौट र

निर्माणको अनुगमन तथा मूल्याङ्कनमा माननीय सदस्यहरूलाई सहभागी बनाउँदै साथ र सहयोगको अपेक्षा गरेकोछु ।

५४. कोरला-पोखरा र पोखरा-भिमाद-डेढगाउँ हुँदै दुम्कीबास जोड्ने गरी प्रदेश गौरवको आयोजनाकारूपमा सडक निर्माणका लागि अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) तयार गर्न **रू. ४० लाख** बजेट विनियोजनको व्यवस्था मिलाएकोछु।

५५. नेपाल सरकारले घोषणा गरेको मनाङदेखि मुस्ताङ हुँदै रोल्पा र डोल्पा जोड्ने ट्रान्स हिमालयन सडक र बुटवल-तानसेन-पोखरा (सिद्धार्थ लोकमार्ग) सडक डेडिकेटेड डबल लेन निर्माण गर्ने कार्यक्रमलाई सहजीकरण गर्ने व्यवस्था मिलाएकोछु ।

५६. नेपाल सरकारले घोषणा गरेको रसुवागढी-काठमाडौं-पोखरा-लुम्बिनी रेलमार्ग निर्माण गर्ने कार्यक्रमलाई सहजीकरण गर्ने व्यवस्था मिलाएको छु । साथै, पोखरा र मनाङ, डेडगाउँ र दुम्कीबास, तिखेढुङ्गा र तातोपानी जोड्नका लागि सुरूङ्गमार्ग पूर्वसम्भाव्यता अध्ययनको व्यवस्था मिलाइने छ।

५७. नवलपुरको त्रिवेणीदेखि पूर्व-पश्चिम लोकमार्गको दुम्कीबास जोड्ने सडक रेखाङ्कनका लागि अध्ययन र विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) तयार गर्न **रू.३० लाख** बजेट विनियोजनको प्रस्ताव गरेकोछु ।

५८. गैंडाकोट-देवघाट-घुमाउने एवं देवघाट-चापाकोट-सेतीबेणी-मालढुङ्गा (शालिग्राम साँस्कृतिक करिडोर) को रूपमा विकास गर्ने गरी देवघाट-चापाकोट खण्डको रेखाङ्कन हुन बाँकी रहेको भागमा सम्भाव्यता अध्ययनको व्यवस्था मिलाएकोछु ।

५९. प्रदेशभित्रका प्रमुख लोकमार्ग र विकासोन्मुख शहरसँगको कनेक्टिभिटी व्यवस्थित गर्न आँबुखैरेनी-गोरखा, डुम्रे-बेसीशहर-चामे, दमौली-भोर्लेटार-पोखरा, खैरेनी-भिमाद, मालढुङ्गा-बेनी सडकलाई चारलेनमा स्तरोन्नतिका लागि नेपाल सरकारसँग समन्वय गरी आवश्यकता अनुसार विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) तयार पार्न **रू. २५ लाख बजेट** विनियोजन गरेकोछु ।

६०. भौगोलिकरूपमा अति विकट र विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई विशेष क्षेत्र घोषणा गरी

कार्यक्रम सञ्चालन गर्न अध्ययनको व्यवस्था गरेकोछु ।

६१. बुढीगण्डकी आयोजनाको जलाशय भन्दा माथिल्लो क्षेत्रको आर्थिक विकासका लागि पूर्वाधार निर्माणको अध्ययन गर्न **रू.१० लाख** बजेटको व्यवस्था मिलाएकोछु ।

६२. पोखरा उपत्यकामा बृहत चक्रपथको पूर्वसम्भाव्यता अध्ययन गर्न आवश्यक रकम विनियोजन गरेकोछु ।

६३. प्रदेशभित्रका सडक सञ्जालसँग नजोडिएका क्षेत्रलाई जोडने पुल निर्माणको सम्भाव्यता अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदन तयारीका लागि रू. **१ करोड बजेट** प्रस्ताव गरेकोछु ।

६४. पृथ्वी लोकमार्गमा पर्ने विजयपुर खोलामाथि कलात्मक (सिग्नेचर/आर्क ब्रिज) **विजयपुल** निर्माणका लागि पोखरा-लेखनाथ महानगरपालिकासँगको सहकार्यमा सम्भाव्यता अध्ययन गर्ने व्यवस्था मिलाएकोछु ।

६५. बृहत र बहुउपयोगी सभा सम्मेलनका लागि आधुनिक, सुविधा सम्पन्न **अन्तर्राष्ट्रियस्तरको सम्मेलन केन्द्र** निर्माण

गर्न जग्गा प्राप्ति तथा आवश्यक कार्यका लागि **रू.१० लाख** बजेट विनियोजन गरेकोछु ।

६६. प्रदेशभित्र पूर्वाधार निर्माण गर्न आवश्यक हुने पेट्रोलियम पदार्थको भण्डारण तथा वितरण प्रणालीलाई भरपर्दो बनाउन नेपाल आयल निगमसँगको सहकार्यमा ९० हजार किलो लिटर क्षमताको पेट्रोलियम पदार्थ भण्डारणका लागि जग्गा प्राप्ति तथा पूर्वाधार निर्माणमा सहजीकरण गर्ने व्यवस्था मिलाएकोछु ।

६७. प्रदेश र स्थानीय तहका पूर्वाधारका कामको गुणस्तर सुनिश्चित गर्न प्रदेशस्तरीय **गुणस्तर मापन प्रयोगशाला** स्थापना गर्न अध्ययनका लागि बजेट व्यवस्था गरेकोछु ।

## प्रदेशको चाहनाः व्यवस्थित शहरको स्थापना

६८. प्रदेशभित्रका सबै नगरपालिकालाई व्यवस्थित र आधुनिक शहरका रूपमा विकास गरिनेछ। साथै, पोखरा आसपासका मध्यनेपाल, शुक्लागण्डकी, भिमाद, पुतलीबजार, कुश्मा र फलेवास नगरपालिकालाई स्याटलाइट सिटीकारूपमा विकास गर्न विस्तृत

आयोजना प्रतिवेदन तयार गर्न **रू.२० लाख** बजेट प्रस्ताव गरेको छु ।

६९. पोखरालाई आधुनिक स्मार्ट सिटीकोरूपमा विकास गर्न सहजीकरण गरिनेछ । स्थानीय तहसँगको सहकार्यमा महानगरपालिका, नगरपालिका तथा नगरोन्मुख पालिकाका आवासीय क्षेत्रलाई व्यवस्थित बनाउन **हाउसपुलिङ्ग** र **ल्याण्डपुलिङ्ग**का लागि नीति तर्जुमाको व्यवस्था मिलाएकोछु ।

७०. नेपाल सरकारले घोषणा गरेका तनहुँको डुम्रे-भन्सार र बागलुङको बुर्तिवाङलाई आधुनिक शहर, स्याङजाको वालिङ र गोरखाको पालुङटारलाई केन्द्र मानी मर्स्याङ्दी आसपासका क्षेत्रलाई स्मार्टसिटी र गोरखा बजारलाई साँस्कृतिक शहरकोरूपमा विकास गर्ने कार्यक्रमलाई सहजीकरण गर्ने व्यवस्था मिलाएकोछु ।

७१. शहरी यातायातलाई व्यवस्थित गर्न पोखरामा महानगरपालिकासँग सहकार्य गरी अत्याधुनिक **मेट्रोबस टर्मिनल** र **अन्तरप्रदेश बसपार्क**को निर्माणका लागि सम्भाव्यता अध्ययनको व्यवस्था मिलाएकोछु ।

## विकासका लागि सूचना र सञ्चारः

७२. पोखरामा **सूचनाप्रविधि पार्क**को निर्माण र सञ्चालन गर्न कानूनी तथा भौतिक पूर्वाधार निर्माणको व्यवस्था मिलाएकोछु ।

७३. प्रदेशभित्र सञ्चालनमा रहेका सूचना र सञ्चारका संस्थालाई दर्ता, अभिलेख, अनुमति, नवीकरण र नियमन गर्न आवश्यक नीति तर्जुमा गर्ने व्यवस्था मिलाएकोछु ।

७४. प्रदेश सरकारको सूचना प्रवाहलाई व्यवस्थित गर्न प्रदेशको **टेलिभिजन र रेडियो** प्रसारण सेवाको स्थापनाका लागि कानून निर्माण गर्ने व्यवस्था मिलाएकोछु ।

७५. प्रदेशमा टेलिफोन, मोवाइल तथा इन्टरनेट सेवालाई प्रभावकारी र व्यवस्थित बनाउन सेवा प्रदायक निकायहरूसँग सहजीकरण गरी थप पूर्वाधार विस्तारका लागि पहल गर्ने व्यवस्था मिलाएकोछु ।

## हरित प्रदेशका लागि वातावरणीय स्वच्छताः

७६. वातावरणको संरक्षणका लागि विद्युतीय सवारी साधन प्रयोगलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाएकोछु । निजी

क्षेत्रसँगको सहकार्यमा पृथ्वी लोकमार्ग, सिद्धार्थ लोकमार्ग र पोखरा-बाग्लुङ सडकको क्षेत्रमा विद्युतीय चार्जिङ स्टेशन स्थापनाका लागि सम्भाव्यता अध्ययन गर्ने व्यवस्था मिलाएकोछु ।

७७. पोखरा उपत्यकामा अन्तर्राष्ट्रियस्तरको **प्राणी उद्यान (जुलोजिकल पार्क)** को स्थापनाका लागि विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) तथा निर्माण कार्य आरम्भ गर्न रू.**५० लाख** बजेट विनियोजनको प्रस्ताव गरेकोछु ।

७८. हरित प्रदेशका लागि **एकघर-पाँचरूख, एकवडा-एकउद्यान, एकपालिका-बहुउद्यान** निर्माण गर्न तथा राष्ट्रिय बन संरक्षण गर्न कार्यविधि तर्जुमाका लागि बजेट व्यवस्था मिलाएकोछु ।

७९. जैविक विविधता संरक्षणका लागि नयाँ संरक्षण क्षेत्रको सम्भाव्यता अध्ययन गर्ने व्यवस्थाका लागि रकम विनियोजन गरेकोछु ।

८०. गाउँ तथा शहरको सौन्दर्य बढाउन सोभनीय प्रजातिको वनस्पति (अर्नामेण्टल प्लान्ट) तथा आयआर्जन बढाउन उच्च मूल्य श्रृङ्खलाका बनस्पति पहिचान गरी बिरूवा

उत्पादनका लागि नर्सरी तयार गर्न बजेटको व्यवस्था मिलाएकोछु ।

८१. पोखरा-लेखनाथ महानगरपालिकासँग सहकार्य गरी फेवाताललाई पुरानै स्वरूपमा फर्काएर संरक्षण र संवर्द्धनका लागि पूर्वाधार निर्माण गर्न **रू.१ करोड** बजेट विनियोजन गरेकोछु ।

८२. प्रदेशका ठूला नदी तथा तालतलैयाको **एकीकृत जलाधार क्षेत्र संरक्षण** र **नदी नियन्त्रण** एवं **तटवन्धनको कार्यक्रम**को सम्भाव्यता अध्ययनका लागि आवश्यक रकमको व्यवस्था गरेकोछु ।

## सामाजिक विकासका लागि गुणस्तरीय शिक्षा र स्वास्थ्यः

८३. स्थानीय तहसँगको सहकार्यमा सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्न शिक्षकको क्षमता अभिवृद्धि तालिमको आवश्यकता (ट्रेनिङ्ग नीड एसिसमेण्ट) पहिचान गरी तालिम सञ्चालन गर्ने व्यवस्था मिलाएकोछु ।

८४. पूर्ण साक्षर प्रदेश बनाउँदै संघीयता, वित्तीय र प्रविधि साक्षरता अभियान सञ्चालन गर्न आवश्यक नीति तर्जुमा तथा अभियान सञ्चालन गर्न बजेट व्यवस्था गरेकोछु ।

८५. दक्ष प्राविधिक जनशक्ति तयार गर्न र प्रविधिमैत्री प्रदेश बनाउन उपयुक्त स्थानको पहिचान गरी **प्राविधिक महाविद्यालय** निर्माण गर्न अध्ययनको लागि रकम विनियोजन गरेकोछु ।

८६. **प्रादेशिक विश्वविद्यालय** स्थापना गर्नका लागि अध्ययनको व्यवस्था मिलाएकोछु । त्यसैगरी प्रदेशलाई शैक्षिक हबकोरूपमा विकास गर्न योजना तर्जुमाको व्यवस्था मिलाएकोछु ।

८७. नागरिकको स्वास्थ्य सेवा पाउने अधिकार सुरक्षित गर्न सरकार प्रतिवद्ध छ । **क्यान्सर, मुटु र मृगौला** उपचारका लागि अत्याधुनिक, सुविधा सम्पन्न, विशिष्टीकृत अस्पताल स्थापनाको लागि जग्गा प्राप्ति र विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) तयार गर्न **रू. ५० लाख** बजेट प्रस्ताव गरेकोछु ।

८८. स्थानीय तहसँगको सहकार्यमा प्रत्येक गाउँपालिकामा **२५ सैय्या** र नगरपालिकामा **५० सैय्या**को अस्पताल स्थापना गर्न मोडालिटी तयार गर्न र प्रदेशको राजधानीमा **१ हजार सैय्या**को आधुनिक अस्पताल निर्माणको सम्भाव्यता अध्ययन गर्न **रू.१५ लाख** बजेट विनियोजन गरेकोछु ।

८९. पोखरा उपत्यकाभित्र विशिष्टीकृत महिला तथा बाल अस्पतालका लागि स्थानको पहिचान र सम्भाव्यता अध्ययन गर्न बजेटको व्यवस्था गरेकोछु ।

९०. महिला तथा बालस्वास्थ्यका लागि खोप, भिटामिन र पोषण कार्यक्रमलाई निरन्तरता दिइने व्यवस्था गरेको छु । प्रदेशलाई पूर्ण खोपयुक्त बनाउन **प्रदेश खोप कोष**का लागि **रू.१ करोड** बजेट प्रस्ताव गरेकोछु ।

९१. लैङ्गिक हिंसा, लागू औषध दुर्व्यसन र मानव बेचबिखनको नियन्त्रण गर्दै पुनर्स्थापना केन्द्र सञ्चालन गर्न र महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा किशोर किशोरीको सशक्तिकरण एवं सचेतना अभियान सञ्चालन गर्ने नीति तर्जुमाका लागि बजेटको व्यवस्था मिलाएकोछु ।

९२. सामाजिक सुरक्षाका लागि **एक स्थानीय तह-एक जेष्ठ नागरिक केन्द्र** स्थापनाका लागि कार्यविधि निर्माण गर्न रकमको व्यवस्था मिलाएकोछु ।

९३. अल्पसङ्ख्यक, दलित, उत्पीडित र पिछडिएको क्षेत्र र वर्गको उत्थानका लागि विशेष कार्यक्रम ल्याइनेछ । साथै, गरिबीको रेखामुनी रहेका अति विपन्न वर्ग र अल्पसङ्ख्यक समुदायको आर्थिक-सामाजिक संरक्षणका लागि जनता आवास कार्यक्रमलाई सहजीकरण गर्दै आवश्यक कार्यक्रम सञ्चालन गर्न नीति तर्जुमा गर्ने व्यवस्था मिलाएकोछु ।

९४. नेपालको ऐतिहासिक महत्व झल्कने गरी गोरखाको लिगलिगकोटमा ऐतिहासिक सङ्ग्रहालय स्थापनाको लागि अध्ययन गर्ने व्यवस्था मिलाएकोछु ।

९५. तमु जातिको उत्पत्तिस्थल तथा बाह्रौ शताब्दीमा विकास भएको ऐतिहासिक सभ्यता-क्होला सौंथरलाई संरक्षण र सम्बर्द्धन गर्दै पर्यटकीय गन्तव्यकारूपमा विकास गर्न अध्ययनका लागि **रू.१५ लाख** बजेटको व्यवस्था मिलाएकोछु।

९६. स्थानीय तह एवं समुदायसँगको सहकार्यमा बहुपहिचानयुक्त संस्कृतिको संरक्षण र संवर्द्धन गर्दै एकीकृत पर्यटकीय केन्द्रको विकासका लागि **बहुसाँस्कृतिक ग्राम** निर्माणको गुरूयोजना तयार गर्न रू.**२० लाख** विनियोजन गरेकोछु ।

९७. पोखरा-लेखनाथ महानगरपालिका क्षेत्रभित्र विशिष्ट पहिचान झल्कने एक आधुनिक **विजय स्मारक** निर्माणका लागि स्थान पहिचान सहितको अध्ययन गर्न आवश्यक रकम विनियोजन गरेकोछु ।

९८. लोकतन्त्र तथा अग्रगामी परिवर्तनका लागि वलिदान दिने सहिदहरूको स्मृतिमा आधुनिक र कलात्मक **सहिदपार्कको** गुरूयोजना तयार गरी निर्माण कार्य आरम्भ गर्नका लागि **रू.५० लाख** बजेट विनियोजन प्रस्ताव गरेकोछु।

**स्वस्थ जीवनका लागि स्वच्छ खानेपानी :**

९९. सबै घरधुरीमा आधारभूत र स्वच्छ खानेपानीको पहुँच सुनिश्चित गर्न सरकार प्रतिवद्ध छ । खानेपानीको आधारभूत सुविधाबाट बञ्चित नागरिकका लागि दुई वर्षभित्र खानेपानीको सुविधा उपलब्ध गराउने गरी कार्यक्रम सञ्चालन गरिने छ ।आधारभूत खानेपानीको पहुँच नपुगेको क्षेत्र पहिचान गरी कार्यक्रम सञ्चालन गर्न हाल रू.**२५ लाख बजेट विनियोजन** गरेकोछु।

१००. सफा, स्वच्छ र सभ्य प्रदेशका लागि स्थानीय तहसँग समन्वय गरी फोहरमैला व्यवस्थापन र सरसफाइमा जोड दिइनेछ । शहरी क्षेत्रको फोहर व्यवस्थापन गरी वातावरणीय स्वच्छता प्रवर्द्धन गर्न स्थानीय तहसँगको सहकार्यमा **स्यानेटरी ल्याण्डफिल साईट** निर्माणको लागि अध्ययन गर्ने व्यवस्था मिलाएकोछु ।

## खेलकूद विकासमा पूर्वाधारः

१०१. सुविधा सम्पन्न अन्तर्राष्ट्रियस्तरको बहुउपयोगी खेल मैदान निर्माणका लागि सम्भाव्यता अध्ययनको व्यवस्था मिलाएकोछु ।

१०२. प्रदेशमा एक एकीकृत खेलकुद एकेडेमी स्थापनाको लागि कार्ययोजना तयार गर्ने व्यवस्था मिलाएकोछु ।

१०३. प्रदेशभित्र अन्तर्राष्ट्रियस्तरको क्रिकेट रङ्गशाला र गल्फकोर्स निर्माणका लागि स्थान पहिचान सहित कार्ययोजना तयार पार्ने व्यवस्था मिलाएकोछु ।

१०४. स्थानीय तहसँगको सहकार्यमा एक स्थानीय तह-एक खेल मैदान निर्माणका लागि कार्यविधि तर्जुमा गर्ने व्यवस्था मिलाएकोछु ।

## भाषा-साहित्य, कला-संगीत र विज्ञान-प्रविधिः

१०५. भाषा- साहित्य, कला- संगीत र संस्कृतिको संरक्षण र विकास गर्न प्रदेश प्रज्ञा प्रतिष्ठान स्थापनाका लागि कानून तर्जुमा गर्ने व्यवस्था मिलाएकोछु । पोखरालाई

फिल्मीसिटीकोरूपमा समेत विकास गर्ने व्यवस्था मिलाएकोछु ।

१०६. विज्ञान तथा प्रविधिको विकास र प्रर्वद्धनका लागि **विज्ञान प्रविधि प्रतिष्ठान** स्थापना गर्न कानून तर्जुमा गर्ने व्यवस्था मिलाएकोछु ।

१०७. राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा राष्ट्रको गौरव उच्च पार्ने प्रदेशभित्रका उत्कृष्ट व्यक्ति एवं संस्थालाई सम्मान गर्न प्रथम सहिद लखन थापाको नाममा **सहिद लखन थापा** पुरस्कार स्थापना गर्ने व्यवस्था मिलाएकोछु । यसका साथै राष्ट्र र प्रदेशको शान राख्ने व्यक्ति र संस्थालाई कार्यविधिका आधारमा नगद पुरस्कार प्रदान गर्ने व्यवस्था गरेकोछु।

## तीन कोष: तीन उद्देश्य

१०८. भूकम्प, बाढी, पहिरो, आगलागी लगायतका प्राकृतिक प्रकोप तथा महामारी जस्ता प्रकोपबाट हुने धनजनको क्षतीलाई न्यूनीकरण गर्न पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभिका लागि **प्रदेश विपद् व्यवस्थापन कोष** स्थापना गर्न **रू.१ करोड** विनियोजन गरेकोछु । साथै विपद् सम्बन्धी अग्रीम सूचना प्रवाह गर्ने सूचना

प्रविधिको प्रयोग सम्बन्धी अध्ययन तथा अनुसन्धानका लागि बजेटको व्यवस्था गरेकोछु ।

१०९. प्राकृतिक विपद, आकस्मिक वा अप्रत्यासित अवस्थाबाट सृजना भएको परिस्थितिलाई तत्काल सम्बोधन गर्न **रू.१ करोड** विनियोजन गरी **प्रदेश आकस्मिक कोष** स्थापना गर्ने व्यवस्था मिलाएकोछु । यस सम्बन्धी विधेयक प्रदेश सभाबाट पारित भई प्रमाणीकरण भएपछि यस कोषमा रकम जम्मा गरिनेछ ।

११०. युवाको उद्यमशीलता अभिवृद्धि, रोजगारी सृजना र स्वरोजगारीका माध्यमबाट प्रदेशको आर्थिक समृद्धि हासिल गर्न **युवालक्षित चुनौती कोष** का लागि **रू.१ करोड** विनियोजन गरेकोछु । कोष सञ्चालन कार्यविधिको तर्जुमा पछि यस कोषलाई प्रभावकारी बनाउने व्यवस्था मिलाएकोछु ।

## सुशासनका लागि प्रशासनिक सुधारः

१११. सार्वजनिक यातायात, दैनिक उपभोग्य बस्तु र सेवाको आपूर्तिमा देखिएको महङ्गी, काला बजारी, एकाधिकार, कार्टेलिङ्ग र सिण्डिकेटलाई अन्त्य गर्न कानूनको तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाएकोछु ।

११२. सुरक्षा निकायको मनोबल र क्षमता अभिवृद्धि गर्दै सबै प्रकारका अपराधहरूलाई नियन्त्रण गर्न तथा प्रदेशको शान्ति सुरक्षालाई सुदृढ गर्न बजेटको व्यवस्था मिलाएकोछु । यसका साथै, पोखरा-लेखनाथ महानगरपालिकासँग समन्वय गरी नगरका प्रमुख चोकहरूमा सीसीटिभी क्यामेरा जडानका लागि अध्ययनको व्यवस्था मिलाएकोछु ।

११३. आगामी तीन वर्षभित्र प्रदेशका सार्वजनिक सेवालाई विद्युतीय प्रणालीमार्फत सञ्चालन गर्न **विद्युतीय सुशासन गुरूयोजना** तयार गर्ने व्यवस्था मिलाएकोछु ।

११४. नेपाल सरकारसँगको समन्वयमा प्रदेश लोक सेवा आयोग, प्रदेश निजामती सेवा, प्रदेश प्रहरी, प्रदेश अनुसन्धान व्यूरो लगायत अन्य प्रदेश आयोग र सरकारी सेवा गठनका लागि आवश्यक कानून तर्जुमा गर्ने व्यवस्था मिलाएकोछु ।

११५. मानव संसाधन विकासका लागि श्रम बजारको अध्ययन गरी श्रमशक्तिको योजना र विकासका लागि **अनुसन्धान एवं तालिम केन्द्र** स्थापना गर्न कानून निर्माणको व्यवस्था मिलाएकोछु । वैदेशिक

रोजगारीबाट प्राप्त विप्रेषण आयलाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने व्यवस्था मिलाएकोछु ।

११६. प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको नेतृत्व विकास तथा क्षमता अभिवृद्धिको लागि **प्रदेश तालिम प्रतिष्ठान** स्थापना गर्न कानून तर्जुमा गर्ने व्यवस्था गरेकोछु ।

११७. प्रदेशमा सञ्चालित आयोजनाको सहजीकरण र अनुगमन गर्न **विशेष कक्ष (वाररूम)** को स्थापनाको व्यवस्था मिलाएकोछु । साथै, नागरिकको गुनासो सम्वोधन गर्न **हेलो मुख्य मन्त्री** विद्युतीय प्रणालीको विकासको लागि बजेटको व्यवस्था मिलाएकोछु ।

११८. प्रदेशको सार्वजनिक सेवा प्रवाहलाई नागरिक र विकासमैत्री बनाइनेछ । प्रदेश सरकार सबै प्रकारका भ्रष्टाचार नियन्त्रण गर्न प्रतिबद्ध छ । प्रदेशका सेवा वितरणको कार्यविधि र मापदण्ड बनाइ कार्यान्वयन गर्दै लगिने व्यवस्था मिलाएकोछु ।

११९. प्रदेशको मुख्य प्रशासनिक केन्द्र, प्रदेश सभा र सचिवालयको अत्याधुनिक र सुविधासम्पन्न प्लाजा निर्माणका लागि **रू.६ करोड बजेट** विनियोजन गर्ने

प्रस्ताव गरेकोछु । साथै, प्रदेशका सरकारी आवास निर्माणका लागि **रू.१ करोड ५० लाख** बजेट विनियोजन गरेकोछु।

१२०. सीमित स्रोत, साधन र छोटो समयका कारण चालु आर्थिक वर्षमा विकास निर्माणका आयोजना सञ्चालन गर्न सक्ने संस्थागत संरचना समेत नभएकोले आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्न आयोजनाको सम्भाव्यता अध्ययन गरी आयोजना बैंक (प्रोजेक्ट बैंक) तयारी गर्ने व्यवस्था गरेकोछु । प्रोजेक्ट बैंकमा रहेका आयोजनाहरूलाई प्राथमिकीकरण गर्दै स्रोतका आधारमा क्रमश: कार्यान्वयन गर्दै लगिनेछ ।

१२१. प्रादेशिक नीति तथा योजना आयोग स्थापनाका लागि आवश्यक रकमको व्यवस्था मिलाएकोछु ।

१२२. विक्रम सम्बत् २०७२ साल बैशाख १२ गते गोरखा जिल्लाको बारपाकलाई केन्द्रविन्दु बनाई गएको विनाशकारी भूकम्पबाट क्षतिग्रस्त सार्वजनिक तथा निजी संरचनाको पुनर्निर्माणको कार्यलाई गति दिन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग समन्वय गरिने छ । आगामी पुस्तालाई अध्ययन अवलोकनबाट इतिहासको स्मरण गर्न बारपाकमा विशेष प्रकारको

भूकम्प स्मारक एवम् संग्रहालय निर्माण गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

१२३. प्रदेशको बजेट निकासा, खर्च व्यवस्थापन, आन्तरिक लेखापरीक्षणका लागि वित्तीय व्यवस्थापन प्रणाली विकास गरिनेछ । यसको कार्यान्वयन गर्न प्रदेश लेखा नियन्त्रक कार्यालयको स्थापना गर्न रकमको व्यवस्था मिलाएकोछु ।

**सभामुख महोदय,**

१२४. यो बजेटमा चालुतर्फ **रू.४८ करोड ३ लाख ७५ हजार** र पूँजीगततर्फ **रू.५४ करोड १ लाख २५ हजार** गरी जम्मा **रू.१ अर्व २ करोड ५ लाख** विनियोजन प्रस्ताव गरेकोछु । कुल बजेटमा पूँजीगततर्फ विनियोजित रकम करिब **५३ प्रतिशत** रहेको छ । प्रदेशको प्रारम्भिक संरचना निर्माण तथा कार्य सञ्चालन गर्न नेपाल सरकारको शहरी विकास मन्त्रालयमार्फत शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयलाई भौतिक संरचना निर्माण गर्न प्रदान गरिएको रू. ७ करोड ५० लाख यो बजेटको स्रोतमा समावेश भए पनि विनियोजनमा समावेश

गरिएको छैन् । यो बजेटको स्रोत नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रहेको छ ।

१२५. नेपाल सरकारबाट प्रदेश सरकारलाई विनियोजन ऐनमा छुट्याइएको समानीकरण अनुदानकारूपमा प्राप्त हुने रू.१ अर्व २ करोड ५ लाख मध्ये प्रदेश सरकारका मन्त्रालय र निकायबाट भएको खर्च यसै व्यवस्था बमोजिम भएको मानिने छ ।

१२६. चालु आर्थिक वर्षको बजेटसँगै खर्च शीर्षकगत र स्रोतगत व्यय अनुमानको विवरण प्रदेश विनियोजन विधेयकका साथ पेश गरेकोछु ।

**सभामुख महोदय,**

अब म, चालु आर्थिक वर्षका लागि प्रदेशको राजस्व सम्बन्धी विषय प्रस्तुत गर्न चाहन्छु-

१२७. नेपालको संविधानले प्रदेशको वार्षिक राजस्व र व्ययको अनुमान पेश गर्दा राजस्वको अनुमान समेत पेश गर्ने व्यवस्था गरेको छ । प्रदेशको अधिकारसूचीमा कृषि आयमा कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, विज्ञापन कर, मनोरञ्जन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क र

दण्ड जरिवाना रहेका छन् । आर्थिक वर्ष २०७४/७५ मा प्रदेश कानून र संगठन संरचनाको अभावमा उक्त शीर्षकबाट राजस्व परिचालन गर्न सकिएन । यी राजस्व नेपाल सरकार र स्थानीय तहबाट नै सङ्कलन भइरहेका छन् ।

१२८. प्रदेशले नेपाल सरकारबाट अनुदान तथा विभाज्य कोष मार्फत प्राप्त गर्नुपर्ने रकम प्राप्त गर्ने तथा प्रदेश सरकार गठनपछि प्रदेश सरकारको अधिकार अन्तर्गतका क्षेत्रबाट नेपाल सरकार तथा स्थानीय तहले उठाई रहेको घर जग्गा रजिष्ट्रेशन शुल्क तथा सवारी साधन कर लगायतका कर तथा गैरकर वापतको रकम प्रदेशलाई हस्तान्तरण गराउन पहल गर्ने व्यवस्था मिलाइनेछ ।

१२९. आगामी आर्थिक वर्ष २०७५/७६ को सुरूदेखि प्रदेश अधिकारसूचीको कर तथा गैरकर सङ्कलन गर्नका लागि नीतिगत व्यवस्था गरिनेछ । कर तथा गैरकरका दर निर्धारण गर्ने तथा उक्त राजस्व सङ्कलनको लागि विधि र संरचना तयार गरिनेछ । दोहोरो अधिकारसूची अन्तर्गतका राजस्व सङ्कलन गर्न

स्थानीय सरकारसँग समन्वयको व्यवस्था मिलाईने छ ।

१३०. आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दा आन्तरिक स्रोत परिचालन गर्ने गरी प्रदेश आर्थिक विधेयक प्रस्तुत गर्ने व्यवस्था मिलाउनेछु ।

**माननीय सभामुख महोदय,**

१३१. आधुनिक र समुन्नत प्रदेश निर्माणको निम्ति सबै माननीय सदस्यहरूको चासोप्रति सरकार गम्भीर छ । प्रदेशको विकास र समृद्धि हासिल गर्न प्रदेश सभा र प्रदेश सरकारको साझा जिम्मेवारी भएको हुँदा प्रदेशका नीति तथा योजना तर्जुमा, कार्यान्वयनमा सहजीकरण र अनुगमन तथा मूल्याङ्कनमा माननीय सदस्यहरूको सक्रिय सहभागिताको अपेक्षा गरेकोछु ।

१३२. सीमित स्रोत र साधनका कारण जनअपेक्षा एकै पटकको बजेटबाट पूरा गर्न नसकिए तापनि आगामी दिनमा क्रमशः सम्वोधन गर्दै लगिनेछ। साथै, प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई पनि स्रोत र

साधनको उपलब्धताका आधारमा क्रमश: कार्यान्वयन गर्दै लगिनेछ।

१३३. यो बजेट तर्जुमाका सिलसिलामा मार्गदर्शन गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय सभामुखज्यू, माननीय मन्त्रीज्यूहरू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू, विभिन्न राजनीतिक दल, निजी क्षेत्र, नागरिक समाज, पत्रकार जगत लगायत यस प्रदेशको समृद्धिका लागि चासो र सरोकार राख्ने सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**धन्यवाद ।**